# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम चितवन, बागमती प्रदेश
नेपाल

## सेवा करार सम्बन्धी सूचना

( सूचना प्रकाशन मिति: २०७७/०७/२७)

यस कालिका नगरपालिकाका चितवनका लागि तपिसल वमोजिमको पदमा प्राविधिक कर्मचारी आवश्यक भएकोले सेवा करारमा लिनका लागि दरखास्त आव्हान गरिएको छ। योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचामा पासपोर्ट साइजको तिन प्रति फोटो, नागरिकताको प्रमाणापत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपीहरु सहित आवेदन दिनुहुन अनुरोध छ।

| सि.नं. | बि.नं. | पद/तह | माग संख्या | योग्य उमेर |
|---|---|---|---|---|
| १ | ५/०७७-०७८ | मेडिकल अधिकृत/आठौं तह | १ (एक) | १८ बर्ष पुरा गरी ४५ वर्ष ननाघेको |
| २ | ६/०७७-०७८ | स्टाफ नर्स / पाँचौ तह | १ (एक) | १८ बर्ष पुरा गरी ४५ वर्ष ननाघेको |
| ३ | ७/०७७-०७८ | हेल्थ असिस्टेन्ट / पाँचौ तह | १ (एक) | १८ बर्ष पुरा गरी ४५ वर्ष ननाघेको |

दरखास्त दिने अन्तिम मिति र दस्तुरः सूचना प्रकासित भएको मितिले १५ दिन भित्र। दोब्बर दस्तुर तिरेर आवेदन दिने थप अवधिको सुविधा नभएको।

विज्ञापन नं. ५ को लागि दरखास्त दस्तुर रु. १०००/- र विज्ञापन नं. ६ र ७ को लागि दरखास्त दस्तर रु. ५००/- ।

शैक्षिक योग्यताः (१) मेडिकल अधिकृत पदको लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा एम.बि.बि.यस. वा सो सरह उपाधि हासिल गरेको सम्बन्धित काउन्सिलमा दर्ता भएको। ।

(२) स्टाफ नर्स पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा प्रबिणता प्रमाणपत्र तहको संबन्धित बिषयको उपाधि हासिल गरेको सम्बन्धित काउन्सिलमा दर्ता भएको।

(३) हेल्थ असिस्टेन्ट पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रबिणता प्रमाणपत्र तहको संबन्धित बिषयको उपाधि हासिल गरेको सम्बन्धित काउन्सिलमा दर्ता भएको।

काउन्सिल दर्ताः उपरोक्त पदहरुमा सम्बन्धित काउन्सिल दर्ता हनुपर्ने वा इजाजत प्राप्त हुनुपर्ने पदको लागि सोको प्रमाणपत्र (नवीकरण/अध्यावधिक भएको) समेत पेश गर्नुपर्नेछ।

छनौट विधिः (१) संक्षिप्त सूची प्रकाशनः विज्ञापन नं. ५,६ र ७ का सम्बन्धमा कालिका नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम शैक्षिक योग्यता वापत ५५ अङ्क, ( विशिष्ट श्रेणी -५५, प्रथम श्रेणी- ५०, द्वितीय श्रेणी-४५, तृतीय श्रेणी वापत- ४०), कार्य अनुभव वापत १० अङ्क (प्रति वर्ष २ अंकका दरले), स्थानीय बासिन्दा भएमा १० अङ्क (सम्बन्धित नपा भित्रको -१०, नपा बाहिर चितवन जिल्लाको -५), समावेशी समूह ५ अङ्क दिई कूल अङ्कका आधारमा संक्षिप्त सूची प्रकाशन गरिनेछ।

(२) लिखित परीक्षाः मेडिकल अधिकृत, स्टाफ नर्स र हेल्थ असिस्टेन्ट का लागि लोक सेवा आयोगबाट सम्बन्धित पदको लागि तोकेको पाठ्यक्रमका आधारमा लिखित परीक्षा सञ्चालन गरिनेछ।

(३) अन्तरवार्ताः लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुलेमात्र अन्तवार्तामा सहभागी हुन पाउनेछन्। अन्तवार्तामा अधिकतम ३० अंक। तोकिएको पदभन्दा माथिल्लो पदको योग्यता भएका परीक्षार्थीहरुलाई अन्तर्वाताका क्रममा विशेष प्राथमिकता दिईनेछ। " करार अवधिः आर्थिक बर्ष २०७७/७८ को असार मसान्त सम्मको लागि। (कार्यालयको निर्णयानुसार करार अवधि थप गर्न वा घटाउन सकिने)

गोपाल प्रसाद बगाले
प्रमुख प्रशासकीय अधिकृत